# गैडहवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विष्णुपुरा-३, रूपन्देही


# औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी शीलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५।०२।१६

१. यस कार्यालय अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा चालु आ.ब.२०७४/०७५ मा नेपाल सरकारबाट निःशुल्क वितरण गर्न औषधी शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउ पत्र फारम दस्तुर रु.१,०००।-(अक्षरूपी एक हजार मात्र)(पछि फिर्ता नहुने) तिरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी यस कार्यालयमा निवेदन पेश गरी दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्मको जानकारीको लागी यो दरभाउ पत्र आव्हान गरिएको छ।

२. दरभाउ पत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनसम्मको १२:०० बजे भित्र आफूले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यालयमा सिलबन्दी साथ दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरू सोही दिनको १:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । दरभाउ पत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. दरभाउ पत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर यस गाउँपालिका कार्यालयको कृषि विकास बैंङ्क, लुम्बिनी शाखाको कार्यालय कोड नं. ३७-३६५-२० धरौटी खाता नं. ०४१४९०११५३७४७०४१ मा जम्मा गरेको सक्कलै भौचर र दरभाउ पत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत दरभाउ पत्र दाताले स्वीकृत जम्मा अंकको ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नगद सोही अनुसार यस कार्यालयको नाममा जारी भएको पर्फमेन्स बण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा पर्फमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन।

५. दरभाउ पत्र स्वीकृत हुँदा प्याकेजको रूपमा स्वीकृत नगरी आइटम वाईज दर स्वीकृत गर्न सकिने छ। दरभाउ पत्र दाताले दरभाउ पत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संझौता हुँदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ। साथै दरभाउ पत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. दरभाउ पत्रसाथ आपूर्ति गर्ने औषधीहरू WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र र औषधी ब्यबस्था बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

७. धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरू Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरू प्लास्टिक बोतलमा हुनु पर्नेछ।

८. कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरू दरभाउ पत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

१०. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर, उत्पादक कम्पनी र नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

११. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४०(ङ) अनुसार दरभाउ पत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ।

१२. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

१३. दरभाउ पत्र दाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउ पत्र प्रयोजनको लागि जारी गरेको सक्कल आधिकारिक पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्ने छ।

१४. एक आपसमा मिलेमतो गरी दरभाउ पत्र दाखिला गरेको प्रमाण पाईएमा त्यस्तो दरभाउ पत्र स्विकृत गरीने छैन।

१५. दरभाउ पत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ।

१६. दरभाउ पत्रको प्रत्येक पानामा दरभाउ पत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रूपमा लागेको हुनु पर्नेछ।

१७. एक विक्रेताको नाममा बिक्री भएको दरभाउ पत्र अर्को बिक्रेताको नाममा दाखिला (दर्ता) गर्न पाईने छैन।

१८. दरभाउ पत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ।

१९. आ.व.०७४।०७५ का लागी औषधी खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ। दरभाउ पत्र मा पेश गरेको मूल्य यस आ.व.का लागी भएकोले आ.व.०७४।०७५ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन।

२०. दरभाउ पत्र मा उल्लेखित औषधीको परिमाण आवश्यकताअनुसार थपघट गर्न सकिनेछ।

२१. दरभाउ पत्र फारम खरिद गर्न स्वयं दरभाउ पत्र दाता उपस्थित हुन नसकेमा मञ्जुरीनामाबाट पनि गर्न सकिने छ तर त्यस्तो मञ्जुरीनामा एक फर्मको लागी एक व्यक्तिलाई मात्र हुनेछ।

२२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ।

२३. बोलपत्रद्वारा खरीद गरीने औषधीको सूँची यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

२४. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरू बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

**तपसिल**

| सि.नं | दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक रु. | धरौटी |
|---|---|---|---|---|
| १ | ७४/०७४/०७५ | औषधी तथा औषधीजन्य सामानहरू खरिद (सूचीमा उल्लेखित) | ६,७०,०००।- | २०,१००। |

**गैडहवा गाउँपालिका सर्म्पक फोन ९८४४७०८८४१**